४५६

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं वैशाख २२ गते २०१० साल [संख्या ३७

## भाग १

### गृहविभागको सूचना

गो. प. छापाखानाको नाममा भैरहेको सवाल सनद अनुसार जिल्लाका माल अड्डामा चन्दा जम्मा गरेमा ग्राहकलाई गोरखापत्र पठाउने गरी आएकोमा उक्त बमोजिम गर्ने सहुलियत नेपाल सरकार गजेटको चन्दा निमित्त पनि प्रदान गर्ने गरी सरकारबाट निर्णय भएको छ।

आदेश नं. ३१। सी एम्-१०१५३.

आज्ञाले.

मेघनरसिंह प्रधान.

सेक्रेटरी—गृहविभाग.



४५१

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## गृहविभागको विज्ञप्ति

गत २००८ माघ ८ गतेमा भएको के. आई. सिंहको आन्दोलनमा जेलबाट निस्की गएकाहरू गजेटबमोजिम तीन दिनभित्र हाजिर हुन आउनुपर्नेमा नआई पछि आफैं हाजिर हुन आउने वा पक्राउमा परी आएकाहरू समेतले गजेटमा प्रकाशित भएको थाहा नपाउने सम्भावना भएकोले थप सजाय गर्नुपर्दैन ।

मेघनरसिंह प्रधान,
सेक्रेटरी—गृहविभाग.

## पब्लिक सर्भिसकमिशनको सूचना

यस कमिशनका मेम्बर गो. द. बा. श्रीकेशरबहादुर खत्री क्षत्री एम्.ए. २०१० साल वैशाख १४ गते रोज १ का दिनदेखि दुइ महिनाको बरबिदा बस्नुभएको छ ।

खड्गमान मल्ल,
सेक्रेटरी,—पब्लिक सर्भिसकमिशन.

गोरखापत्र छापाखानामा मुद्रित

४८७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार